# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### वित्तीय क्षेत्र स्थायित्वमा आर्थिक पत्रकार एवं नेपाल राष्ट्र बैंकको सहकार्य आवश्यक

(गभर्नर डा. खतिवडासँग सेजनका नवनिर्वाचित पदाधिकारीद्वारा भेट)

नेपाल आर्थिक पत्रकार समाज (SEJON) का नवनिर्वाचित पदाधिकारीहरूको एक प्रतिनिधिमण्डलले गभर्नर डा. युवराज खतिवडासँग असोज ७ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेट गऱ्यो । प्रतिनिधि मण्डलको नेतृत्व नवनिर्वाचित अध्यक्ष विज्ञान अधिकारीले गर्नुभएको थियो ।



सो भेटमा गभर्नर डा. युवराज खतिवडाले नेपाल राष्ट्र बैंक र आर्थिक पत्रकारहरू परस्पर सूचनाका स्रोतहरू भएको उल्लेख गर्दै नेपालको वित्तीय प्रणाली जटिल बन्दै गएको परिप्रेक्ष्यमा यस क्षेत्रमा कलम चलाउने पत्रकारहरूले अध्ययन, अनुसन्धानमा लाग्नुपर्ने तथा वित्तीय प्रणालीका सूक्ष्म विषयवस्तुहरुलाई समेटी समाचार प्रकाशन गर्दा यस बैंकलाई नीति निर्माणमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो ।

भेटमा नवनिर्वाचित अध्यक्ष विज्ञान अधिकारीले नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्रको नियामकका रूपमा बलियो हुँदै जानु राम्रो भएको बताउँदै नेपाली आर्थिक पत्रकारहरू पनि क्रमशः परिष्कृत र परिपक्व हुँदै गएको भएतापनि क्षमता बृद्धिका लागि नेपाल राष्ट्र बैंकले तालिमको थप व्यवस्था गरेमा यसमा अझ बल पुग्ने आशा व्यक्त गर्नुभयो । बैंक आर्थिक पत्रकारिताका लागि सूचना स्रोतको भण्डार रहेको चर्चा गर्दै अध्यक्ष अधिकारीले बैंक र समाजको नियमित भेटघाट र छलफलको आवश्यकताबारे प्रकाश पार्नुभयो ।



सो भेटमा गभर्नर खतिवडाले बितेको दुई दशकमा आर्थिक पत्रकारिताले निकै उचाइ प्राप्त गरेको भन्दै सन्तोष व्यक्त गर्नुभयो । उहाँले आर्थिक पत्रकारको क्षमता अभिवृद्धिका लागि बैंकले यथाशक्य सहयोग गर्ने आश्वासन समेत दिनुभयो । साथै, उहाँले नवनिर्वाचित पदाधिकारीलाई बधाईसहित सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभएको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० असार ७ गते, सोमबार